नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:-

सिंहदरवार,
काठमाडौं, नेपाल।

## विज्ञप्ति

राष्ट्रिय निर्देशन ऐन, २०१८ बमोजिम दर्ता भएका वर्ग, पेशा वा क्षेत्रसँग सम्बन्धित संस्था र संस्था दर्ता ऐन, २०३४ बमोजिम दर्ता भएका सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, बैज्ञानिक, शैक्षिक, बौद्धिक, शारीरिक, आर्थिक, व्यवसायिक र परोपकारी संस्थाहरुले नागरिकहरुको सशक्तीकरण, सामाजिक पूँजी निर्माण र लक्षित समूहको आर्थिक, सामाजिक विकासमा उल्लेख्य भूमिका खेलेका छन्। कानुन बमोजिम सञ्चालनमा रहेर समाज विकासका लागि योगदान गर्ने सबै संस्थाहरूको भुमिकाको मन्त्रालय उच्च कदर गर्दछ।

त्यसरी स्थापना भएका संस्थाहरुमध्ये कतिपयले प्रचलित कानुन र संस्थाको उद्देश्य विपरितका कार्य गरेको, दर्ता नै नगरी कार्यक्रम सञ्चालन गरेको, समयमा नवीकरण नगरेको, संस्थागत सुशासन कायम नगरेको, गैरकानुनी रुपमा विदेशी सहायता लिएको, कार्यक्रम सञ्चालन गर्दा सुरक्षा सतर्कता नअपनाएको, संस्थाको नाममा रहेका सम्पत्तिको दुरुपयोग गरेको एवं त्यस्तो सम्पत्ति सीमित व्यक्तिको हितमा उपयोग गरेको जस्ता गुनासाहरू आउने गरेका छन्।

यदि कुनै संस्थाहरुले कानुन बमोजिम गर्नुपर्ने कार्य नगरेको वा प्रचलित कानुन विपरित कार्य गरेको भएमा तत्काल अनुगमन गरी प्रचलित कानुन बमोजिम कारवाही गर्न स्थानीय प्रशासनलाई निर्देशन गरिसकिएको छ। अतः आफ्नो समुदायमा गैरकानुनी रूपमा सञ्चालनमा रहेका, कानुन बमोजिम गर्नुपर्ने कार्य नगरेका, कानुन विपरितका कार्य गरेका, आन्तरिक सुशासन कायम नगरेका, संस्थाको सम्पत्ति निजी हितमा उपयोग गरेका संस्थाहरुको बारेमा सूचना, जानकारी सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा उपलब्ध गराई सहयोग गरिदिन सबै नागरिकहरुमा अनुरोध छ।

साथै प्रचलित कानुन बमोजिम गर्नुपर्ने कार्य नगरेका संस्थाहरुले कानुन बमोजिम गर्नुपर्ने कार्य कानुनले तोकेको समय भित्रै सम्पन्न गरी आन्तरीक सुशासन कायम गर्नुहुन समेत अनुरोध छ।

मितिः २०८०/१२/१६
ने.सं.: ११४४ चिल्लागा, ४

नारायण प्रसाद भट्टराई
सहसचिव/प्रवक्ता